आ.व. ०७७/७८ को

वार्षिक प्रगति प्रतिवेदन

श्रावण, २०७८

नेपाल सरकार

उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय

जलश्रोत तथा सिंचाइ विभाग

प्रगन्ना तथा बड्कापथ सिंचाइ आयोजना

लमही, दाङ

नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, जलस्रोत तथा सिंचाइ विभाग, प्रगन्ना तथा बड्कापथ सिंचाइ आयोजना, दाङ
फोनः ०८२-५४००५५, ईमेलः pbip1234@gmail.com, वेबसाईटः https://pbip.dwri.gov.np

आयोजनाको परिचय

प्रगन्ना तथा बड्कापथ सिंचाइ आयोजना दाङ जिल्लाको देउखुरी उपत्यका स्थित प्रगन्ना कुलो सिंचाइ प्रणाली तथा बड्कापथ सिंचाइ योजनाको सिंचाइ नहर तथा संरचनाहरूको निर्माणार्थ विधिवत् स्थापना भएको आयोजना हो । यस आयोजनाको कार्यालय दाङ जिल्लाको लमही नगरपालीका स्थित वडा नं. ५ मा अवस्थित रहेको छ । यस आयोजनाको कार्यक्षेत्र अन्तर्गत पर्ने यी दुइओटा सिंचाइ योजनाहरूको संक्षिप्त विवरण यस प्रकार रहेका छनः

बड्कापथ सिंचाइ योजना:



दाङ जिल्ला अन्तर्गत देउखुरी उपत्यकाको गढवा गाउँपालिकामा नहर संरचनाको आवश्यक प्रबन्ध मिलाइ ४००० हे. क्षेत्रफल रहेको कृषियोग्य जमिनमा यथेष्ट सिंचाइ सुविधा पुर्याउने हेतु नेपाल सरकारले आ.व. २०६८/०६९ मा यस बड्कापथ सिंचाइ योजनाको स्थापना गरि कार्य प्रारम्भ गरेको थियो । सिंचाइबाट बञ्चित अधिकांश कृषि उर्वर जमिनमा यस प्रणालीको सञ्चालनद्वारा झण्डै ७००० घर परिवारका करिब ३८००० जनसंख्या लाभान्वित हुने देखिन्छ । राप्ती नदीको पानीलाई ३० कि.मि. लम्बाइको एक वटा मुलनहर, १३ वटा शाखा नहर र ५३ वटा प्रशाखा नहरहरू मार्फत सम्पुर्ण कमाण्ड क्षेत्रमा सिंचाइ सुविधा पुर्याउने लक्ष्य राखिएको छ । यस प्रणालीलाई व्यवस्थित रूपबाट सञ्चालन गर्न तथा उपभोक्ताहरूको सहभागिता सुनिश्चित गर्न एक वटा जलउपभोक्ता सिंचाइ प्रणाली मूल समन्वय समिति, ३ वटा मूल समिति तथा २६ वटा कुलोपानी समितिहरू गठन भएका छन् । यो योजना हाल निर्माणाधिन चरणमा रहेको छ । योजनाको मुहानमा एक वटा साइड इन्टेक संरचना, ७.३० कि.मी. मुल नहर निर्माण, सिंचित क्षेत्र बचावट कार्य (राप्ती नदी स्थानिय साना खहरे खोलामा) साथै किसानद्वारा संचालित प्रणालीहरूको सुधार कार्य सम्पन्न गरी आयोजनाको हाल सम्मको भौतिक प्रगति करिब ३७ प्रतिशत रहेको छ ।

प्रगन्ना कुलो सिंचाइ प्रणाली :

यस प्रगन्ना कुलो सिंचाइ प्रणालीले दाङ जिल्ला देउखुरी उपत्यकाको लमही नगरपालीका र राप्ती गाउँपालीका गरि ५८०० हे. क्षेत्रफल जमिनमा सिंचाइ सेवा पुर्याउँदछ । तीन वटा इन्टेक मार्फत राप्ती नदीको पानीलाई विभिन्न नहर तथा संरचनाहरूबाट यस प्रणालीले सिंचाइ सेवा पुर्याउँदै आइरहेको छ । यस


Command Area of Praganna Irrigation System
N
Narayanpur
Tikuligard
Panchgaon
Kalapani
Bhanpur
Barakhutti
East-West Highway
Rapti River
Legend
Canal Systems
Barakhutti
Kalapani
Narayanpur
Panchgaon
Pathargadwa
Tikuligard
Bhanpur
Command Area
🟥 Kalapani
🟪 Narayanpur
🟩 Panchgaon
🟫 Tikuligard
🟩 Barakhutti
🟪 Bhanpur
0 1.5 3 6 km

प्रणालीको निर्माण कार्य वि.सं. २०६४ मा सम्पन्न भएको भएता पनि थप सुधार एवं विस्तारका कार्यहरूलाई निरन्तरता दिनुपर्ने अवस्था देखिएको छ ।

यस प्रणाली तर्फ यस आयोजनाले मुख्य गरी कमाण्ड क्षेत्र संरक्षणको कार्य र अत्यावश्यक स्थानमा उपभोक्ताको माग बमोजिम नहर निर्माण सुधार लगायत अन्य कार्यहरू समेत गर्दै आएको छ । नहर विस्तार, नियमित मर्मत सुधार र नहर संचालन कार्यको मुख्य जिम्मेवारी व्यवस्थापन डिभिजन कार्यालयले गर्दै आएको छ ।

आ.व. ०७७/७८ मा प्रगान्ना तथा बड्कापथ सिंचाइ आयोजनाबाट भएका प्रमुख कार्यहरु तथा प्रगति

१) सेटलिङ्ग वेसिन निर्माण कार्य:

मूल नहरको चेनेज ०+२९५ देखि चेनेज ०+४०२ सम्मको सेटलिङ्ग वेसिन निर्माण कार्य गर्न निर्माण व्यवसायी श्री श्रीजयन्ती निर्माण सेवा, काठमाण्डौंसँग मिति १५ असार २०७६ मा सम्झौता भएको थियो । सम्झौता बमोजिम ठे.न. BIP/ST/NCB-09/075/76 को निर्माण कार्य मिति १५ पौष २०७७ मा सम्पन्न गर्ने लक्ष्य राखिएको थियो ।

विश्वभरी फैलिएको कोभिड-१९ को दोश्रो लहरले निम्तयाएको असहज परिस्थितिका कारण तथा शिघ्र मनसुन सक्रियताका कारण राप्ती नदीमा आएको बाढी

समेतले असर पुर्याएको हुदाँ सो ठेक्काको म्याद थप चैत्र-७, २०७७ सम्म भएको थियो ।

निर्माण व्यवसायीको तत्परता तथा आयोजनाको निरन्तर चासो र सक्रियताका कारण सेटलिङ्ग बेसिन निर्माणको सम्पुर्ण कार्यहरू यसै आ.व. मा सम्पन्न भइसकेको छ।

२) मूल नहर तथा संरचना निर्माण कार्यः

बड्कापथ सिंचाइ आयोजनाको मूल नहर र यसमा पर्ने संरचनाहरू ठेक्का प्याकेज नं.-४ अन्तर्गत चे. ४+१५० देखि चे. ७+३०० सम्म निर्माण भइरहेकोमा विगतका वर्षहरू देखिनै निजी दर्ता श्रेष्ता जग्गा प्राप्तिमा समस्या भई अवरूद्ध रहदैं आएकोमा चालु आ.व.मा ज.उ.स. तथा जनप्रतिनिहरूको सघन पहलकदमीमा जग्गा प्राप्ती कार्य पुरा भई मलमला क्षेत्रको नहर तथा संरचना निर्माण कार्य नहर लाइनिङ, VRB १ ओटा, सुपर प्यासेज १ ओटा आदि प्रमुख कार्यहरू सम्पन्न गरिएको छ । आ.व. ०७२/७३ मा ठे.नं. BIP/MC/NCB-04/072/073 को सम्झौता भई २ वर्ष भित्र सम्पन्न गर्नुपर्ने भएता पनि जग्गा प्राप्ती लगायत विभिन्न कारणहरूले गर्दा म्याद थप गर्नुपर्ने भइ निर्माण कार्य हुदैं आएकोमा हाल सो ठेक्का अन्तर्गतका नहर तथा संरचनाहरू निर्माणका सम्पुर्ण कार्य यसै आ.व. मा सम्पन्न गरी कार्य स्वीकार प्रतिवेदन जारी गरिएको छ ।

३) तटबन्ध निर्माण मार्फत जग्गा उकास तथा उपयोगः

बनघुस्री संरक्षण कार्य अन्तर्गत तटबन्ध निर्माण कार्य आ.व. २०७६/७७ को शुरूमा नै सम्झौता भई निर्माण हुँदै आएको थियो ।

यस ठेक्का अन्तर्गत राप्ती नदीको बायाँ किनारमा स्थित २ कि.मि. लामो तटबन्ध निर्माण कार्य दुई बर्ष भित्र सम्पन्न गर्ने लक्ष्य रहेको थियो । निर्माण व्यवसायीको तदारूकता र कुशल व्यवस्थापनले बन्दाबन्दीको समयमा पनि निरन्तर कार्य गरि करिब ९० प्रतिशत कार्य आ.व. २०७६/७७ मा नै सम्पन्न भइसकेको थियो ।

बाँकि रहेको तटबन्ध निर्माण तथा Slope Protection को कार्य यस आ.व. मा गरिनुका साथै सो ठेक्काका सम्पुर्ण निर्माण कार्य ठेक्काको म्याद सकिनु अगावै सम्पन्न भएका छन् । यस तटबन्ध निर्माणबाट गढवा गा.पा. वडा नं. १ को मलमला

तथा बनघुस्री क्षेत्र विचको राप्ती नदीको बायाँ तर्फको जमिन कटान र डुबानबाट सुरक्षित भई करिब ३९ हे. जग्गा उकास भएको छ ।

यसरी सुरक्षित भए लगत्तै गढवा गा.पा.ले उक्त बगर क्षेत्रलाई खनजोत गरी व्यवसायीक कृषिको लागि प्रयोग गर्न तयारी थालेको छ । यस क्षेत्रलाई सिंचाइ पानी उपलब्ध गराउन मुल नहरको चे. ६+०५० र चे. ६+४०० मा आउटलेट बनाइ पानी उपलब्ध गराउने प्रावधान राखिएको छ ।

नदीजन्य निर्माण सामग्रीको निकासीको लागी भएको ठेक्कापट्टाबाट सामग्री निकासी गर्दा निर्मित तटबन्ध संरचनाको नजिकबाट नै उत्खनन् गर्ने तथा तटबन्ध लन्चिङ्ग लाई बाटोको रूपमा प्रयोग गर्ने प्रवृत्तिले निर्मित संरचना जोगाउनुपर्ने चुनौति भने बढेको छ ।

४) मूल नहरको नयाँ ठेक्का प्याकेज आह्वान तथा संरचना निर्माण कार्यः

बड्कापथ सिंचाइ योजनाको निर्माण कार्यलाई अगाडि बढाउने उद्देश्यले चे. ७+३०० देखि चे. १४+४५० सम्मको नहर तथा संरचना निर्माण कार्यको लागि यसै आ.व. मा ठेक्का आह्वान भइ सम्झौता भइसकेको छ । चे. ७+३०० देखि चे. ९+००० सम्मको (प्याकेज P–12) नहर तथा संरचना निर्माण कार्यको लागि निर्माण व्यवसायी श्री कन्काई/कर्ण जे.भि. सँग सम्झौता भएको छ ।

त्यसैगरि चे. ९+००० देखि चे. १४+४५० सम्मको (प्याकेज P–13) नहर तथा संरचना निर्माण कार्यको लागि निर्माण व्यवसायी श्री कालिका/बन्दन भगवती/बुद्ध हिमाली जे.भि. सँग सम्झौता भएको छ । चे. ७+३०० देखि चे. १४+४५० सम्मको नहर तथा संरचना निर्माण भए पश्चात बड्हरा, पत्रिङ्गा, पचहिया, जेठानगाउँ तथा कोठरी क्षेत्रका कृषक उपभोक्ताहरू लाभान्वित हुने र ३५० हे. क्षेत्रफल जमिनमा सिंचाइ सुविधा उपलब्ध हुनेछ ।

माथि उल्लेखित चेनेजका लागि दुइओटै ठेक्का प्याकेजहरूका निर्माण व्यवसायी निर्माण स्थलमा परिचालित भइ कार्यारम्भ गरिसकेका छन् । Covid–19 महामारीको कारणले गर्दा थपिएको असहजताले अपेक्षित गतिमा कार्य गर्न केहि कठिनाइ भएको छ ।

यद्यपि प्याकेज P–13 अन्तर्गत चे. ९+४५० मा रहेको हुलाकी VRB निर्माणको कार्य शुरू भइ सो संरचनाको Raft निर्माणको कार्य सम्पन्न भएको छ भने बाँकि कार्य निरन्तर चलिरहेको छ ।

५) सिंचित क्षेत्र बचावट तथा मर्मत कार्यः



यस आर्थिक वर्षमा बड्कापथ सिंचाइ योजना तथा प्रगन्ना सिंचाइ प्रणाली अन्तर्गत विभिन्न स्थानहरूमा मूल नहर बचावट तथा प्रगन्ना कुलोको शाखा नहरमा नहर लाइनिङ निर्माण कार्य गरिएका छन् । बड्कापथ सिंचाइ योजना अन्तर्गत मूल नहर बचावट, सापमारा Drain संरक्षण, चे. ३+३०० को Escape बचावट, तुल्सीपुर खोल्सी बचावट इत्यादि मुख्य कार्यहरू गर्न २ ओटा ठेक्का आह्वान भएकोमा एउटा ठेक्का सम्पन्न भएको छ भने अर्को निर्माण कार्य चालु रहेको छ ।

प्रगन्ना सिंचाइ प्रणाली तर्फ मौरिघाट, बराखुट्टी, पिप्रहवा कुलोमा नहर निर्माण कार्य गर्न ३ ओटा ठेक्का आह्वान गरि सो ठेक्काहरूको पनि सम्पुर्ण निर्माण कार्य सम्पन्न गराउन आयोजना सफल भएको छ ।

भानपुर तथा रनियापुर कमाण्ड क्षेत्र बचावट कार्यको लागि २ ओटा ठेक्काहरू आह्वान गरि सम्झौता भएकोमा सो ठेक्काहरूको क्रमशः करिब ७०% र ३५% निर्माण कार्य सम्पन्न भइ बाँकी कार्य चाँडै सम्पन्न हुने अवस्था रहेको छ ।

६) ठेक्कापट्टाको अवस्थाः

बड्कापथ सिंचाइ योजना तर्फ पहिलो ठेक्का इनटेक निर्माणको लागि आ.व. ०६८/६९ मा भएको थियो । तत्पश्चात् विनियोजित श्रोत बमोजिम विभिन्न समयमा निर्माण कार्यहरूको लागि ठेक्का पट्टाहरू हुँदै आएका छन् । यसै गरी प्रगन्ना तर्फ यस आयोजना अन्तर्गत कमाण्ड क्षेत्र संरक्षणको लागि आ.व. ०७२/७३ मा तटबन्ध निर्माणको ठेक्का सम्झौता भएको थियो र त्यसैको निरन्तरता स्वरूप दोश्रो प्याकेज अन्तर्गत निर्माण कार्य यसै आ.व. मा सम्पन्न भएको छ ।

(६.१) बड्कापथ तर्फका ठेक्काहरुको स्वरुप

क्र. सं.	ठेक्का विवरण	सम्झौता मिति	प्यकेज नं.	मुख्य निर्माण कार्य र उपलब्धिहरु	कुल खर्च रु.	कैफियत
१.	इनटेक निर्माण कार्य	०६८/६९	प्याकेज-१	इनटेक निर्माण, ब्यारेल ६० मि. र संरक्षण कार्य	९,२७,०८,७८६	सम्पन्न
२.	नहर तथा संरचना निर्माण	०७२/७३	प्याकेज-२	मूल नहर ब्यारेल निर्माण १७० मि., खुला लाइनिङ ५९१ मि., संरचना VRB छ, क्रस ड्रेनेज कार्य ६ ओटा	१०,५५,५८,८३०	सम्पन्न
३.	नहर तथा संरचना निर्माण	०७१/७२	प्याकेज-३	चे.१+३६० देखि चे.४+१५० सम्म नहर तथा संरचनाहरु	१७,९०,८३,८९४	सम्पन्न
४.	नहर तथा संरचना निर्माण	०७२/७३	प्याकेज-४	मूल नहर चे.४+१५० देखि चे.७+३०० सम्म, भालुवाङ क्रसिङ, क्रसडेनेज, VRB, नहर लाइनिङ आदी	२६,०६,५१,८४०	सम्पन्न
५.	भालुवाङ संरक्षण कार्य	०७२/७३	प्याकेज-५	भर्टिकल रिभेटमेन्ट १.२ कि.मि.	२,५२,५८,४३६	सम्पन्न
६.	इनटेक संरक्षण कार्य	०७३/७४	प्याकेज-६	इनटेक संरक्षण कार्य करिब २०० मि.	२,२६,६७,४९९	सम्पन्न
७.	मलमला संरक्षण कार्य	०७३/७४	प्याकेज-७	तटबन्ध निर्माण १.५ कि.मि.	७,५०,४७,३४५	सम्पन्न
८.	नहर तथा ब्यारेल निर्माण कार्य	०७५/७६	प्याकेज-८	ब्यारेल निर्माण ४२२ मि., ड्रेन क्रसिङ ६३ मि., संरक्षण कार्य	९,५१,६९,३१७	सम्पन्न
९.	सेटलिङ वेसिन निर्माण	०७५/७६	प्याकेज-९	१०७ मि. लम्बाइको सेटलिङ वेसिन निर्माण तथा संरक्षण कार्य	४,६०,४८,३३७	सम्पन्न
१०.	बनघुस्री संरक्षण कार्य	०७६/७७	प्याकेज-१०	राप्ती नदीको बायाँ किनारामा १.६५ कि.मि. तटबन्ध निर्माण, प्रसनपुरे खोल्सीमा ३०० मि. तटबन्ध निर्माण	१६,०४,२२,७७३	सम्पन्न
११.	गेट जडान कार्य	०७६/७७	प्याकेज-११	इनटेक तथा स्केपहरुमा गेट जडान कार्य	२,६५,६५,५२६	सम्पन्न
१२.	नहर तथा संरचना निर्माण कार्य	०७७/७८	प्याकेज-१२	मूल नहरको चे.७+३०० देखि चे.९+००० सम्म नहर तथा संरचना निर्माण	-	ठेक्का सम्झौता भइ काम शुरु
१३.	नहर तथा संरचना निर्माण कार्य	०७७/७८	प्याकेज-१३	मूल नहरको चे.९+००० देखि चे.१४+४५० सम्म नहर तथा संरचना निर्माण	८७,६७,१६६/१७	ठेक्का सम्झौता भइ काम शुरु

१४.	बचावट कार्य	०७७/७८	मर्मत प्याकेज-१	मूल नहर बचावट निर्माण कार्य	८९,८४,०८१/९४	सम्पन्न
१५.	बचावट तथा लाइनिङ कार्य	०७७/७८	मर्मत प्याकेज-२	मूल नहर स्केप, साना खोल्सी बचावट तथा लाइनिङ निर्माण	४९,९९,७११/७६	सम्पन्न

(६.२) प्रगान्ना तर्फका ठेक्काहरुको स्वरुप

क्र. सं.	ठेक्का विवरण	सम्झौता मिति	प्यकेज नं.	मुख्य निर्माण कार्य र उपलब्धिहरु	कुल खर्च रु.	कैफियत
१.	कमाण्ड क्षेत्र संरक्षण कार्य	०७२/७३	प्याकेज-१	चे.१०+००० देखि चे.१०+९०० सम्म तटबन्ध निर्माण	३,४१,५८,८९३	सम्पन्न
२.	कमाण्ड क्षेत्र संरक्षण कार्य	०७३/७४	प्याकेज-२	चे.१०+९०० देखि चे.१२+५०० सम्म तटबन्ध निर्माण	८,१७,६५,५३१/७५	सम्पन्न
३.	नहर लाइनिङ कार्य	०७७/७८	मर्मत प्याकेज-१	बराहखुट्टी नहर लाईनिङ निर्माण	२३,६२,०९५/४८	सम्पन्न
४.	नहर लाइनिङ कार्य	०७७/७८	मर्मत प्याकेज-२	मौरिघाट कुलो तथा पिपरहवा कुलो नहर लाइनिङ निर्माण	२६,७३,९७१/६५	सम्पन्न
५.	बचावट कार्य	०७७/७८	मर्मत प्याकेज-३	रनियापुर गाँउ बचावट	२४,२५,६५०/०७	अन्तिम चरणमा
६.	बचावट कार्य	०७७/७८	मर्मत प्याकेज-४	भानपुर गाँउ बचावट	१,३३,२५,००६/०४	अन्तिम चरणमा
७.	नहर लाइनिङ कार्य	०७७/७८	मर्मत प्याकेज-५	बराखुट्टी तथा सुन्दरपुर कुलो नहर लाइनिङ निर्माण	२१,३६,५०९/२८	सम्पन्न

७) कृषि प्रविधि प्रदर्शनी:

यस आयोजना अन्तर्गत बड्कापथ सिंचाइ योजनाको नहर तथा संरचना निर्माण कार्य गत आ.व.को अन्त्य सम्ममा गढवा गा.पा.-१, मलमला सम्म सम्पन्न भएको थियो ।

उक्त सम्पन्न नहरबाट त्यस क्षेत्रका कृषक उपभोक्ताहरूलाई कृषि प्रविधि बारे प्रशिक्षण तथा प्रचार प्रसार गर्ने उद्देश्यले काउली, बन्दागोभी, आलु र मकै बालीहरूमा स्थलगत कृषक पाठशाला सञ्चालन गरिएको थियो । जसबाट कृषकहरूमा आधुनिक कृषि प्रणाली तर्फ उत्साह बढेको थियो ।

सोही कार्यक्रमको सफलताबाट प्रेरित भइ बड्कापथ जलउपभोक्ता मूल समन्वय समितिबाट माग भए बमोजिम चालु आ.व. मा पनि गढवा गा.पा.-१, बनघुस्रीका कृषकहरूलाई भेला गराई उक्त प्रकृतिको कार्यक्रम सञ्चालन गरिएको थियो ।

जस अन्तर्गत अनुसन्धानात्मक चैते धानबाली नतिजा प्रदर्शन कार्यक्रम २०७७/०७८ नामाकरण गरि सोहि क्षेत्रको १ हे. जमिनमा प्रजनन बिउ मार्फत चैते धान बाली उत्पादनको सफल कार्यक्रम सम्पन्न भएको छ । सो उत्पादनलाई कृषकहरूले अब उप्रान्त ४-५ वर्षसम्म मूल बिउको रूपमा प्रयोग गर्न सक्ने भएका छन् । कृषकहरूको प्रत्यक्ष सहभागिता र उल्लेखनीय उपस्थिति रहेको उक्त कार्यक्रमले कृषिको उचित प्रविधि प्रयोग गरिएमा कृषि उत्पादकत्वमा वृद्धि भइ निम्न वर्गीय किसानहरूको जीवनयापनमा उल्लेखनीय परिवर्तन ल्याउन सकिन्छ भन्ने कुरालाई स्थापित गरिदिएको छ । सो कार्यक्रम अन्तर्गत कृषकहरूको

सहभागितामा चैते धानबाली उत्पादन, विउ प्रजनन् र भण्डारण सम्बन्धि १५ ओटा विभिन्न तालिम सञ्चालन गरिएको थियो ।

आफ्नो खेत बारी बाँझो राखी राप्तीको बगरमा ढुंगा, बालुवा संकलन गरी जीविकोपार्जन गर्दै आएका किसानहरूलाई उन्नत प्रविधिको प्रयोगले कृषि मार्फत आफ्नै जमिनमा हरियो सुन फलाउन सकिन्छ भन्ने विश्वास दिलाइदिएको छ । कृषि सिंचाइ र अनुसन्धान केन्द्र बाराका कृषि परामर्शदाता श्री रामाश्रेय साहको नेतृत्वमा उक्त कार्यक्रम सञ्चालन गरिएको थियो । Covid–19 महामारीको दोश्रो लहरको प्रतिकुल परिस्थिति तथा त्यस क्षेत्रका कृषकहरूले अपनाउदै आएको परम्परागत कृषि प्रणालि जस्ता चुनौतिहरूको सामना गर्दै यस कार्यक्रमलाई सफलतापूर्वक सञ्चालन गरी कृषकहरूलाई आत्म निर्भर हुने ज्ञान सिप प्रदान गर्दा यस आयोजनाले कृषक र राज्य बिच सेतुको भूमिका निर्वाह गर्न सफल भएको छ । कार्यक्रमको कुशल व्यवस्थापन र त्यसबाट प्राप्त प्रतिफललाई मध्येनजर गरि स्थानीय अगुवा, जल उपभोक्ता समितिका पदाधिकारीहरू र जनप्रतिनिधिहरूबाट परामर्शदाता तथा आयोजनालाई धन्यवाद दिदैं यस प्रकारका कार्यक्रमहरूलाई निरन्तरता दिनुपर्नेमा जोड दिएका छन् ।

(७.१) उन्नत प्रविधको प्रयोगबाट बालीको उत्पादकत्व र प्रतिफल

क्र.सं.	बालीको नाम	उत्पादकत्व टन. प्रति हे.	खर्च रु. प्रति हे.	आम्दानी रु. प्रति हे.	नाफा रु. प्रति हे.	कैफियत
१.	चैते धान	४.८	६०,०००	१,२०,०००	६०,०००	बिउको रुपमा बिक्रि गर्दा अझ उल्लेखनीय आम्दानी हुने देखिन्छ।

(७.२) परम्परागत र उन्नत प्रविधिको तुलनात्मक उत्पादन र प्रतिफल तालिका

क्र. सं.	बालीको नाम	स्थानीय प्रविधि		उन्नत प्रविधि		उन्नत प्रविधिको तुलनात्मक लाभ उत्पादकत्व%	नाफा %
		उत्पादकत्व ट. प्रति हे.	नाफा प्रति हे.	उत्पादकत्व ट. प्रति हे.	नाफा प्रति हे.		
१.	धान	२.४	१५०००	४.८	६०,०००	१००	३००
२.	आलु	३.०	५२४००	१६.३३	४२९०९०	४४४	७१८
३.	मकै	२.१	७५००	९	११०२८०	३२८	१३७०

८) अध्ययन अवलोकन भ्रमण:

यस आयोजनाको सहयोग तथा समन्वयमा बड्कापथ सिंचाइ प्रणाली जल उपभोक्ता मूल समन्वय समिति र त्यससँग सम्बन्धित शाखा/प्रशाखा कुलोहरूका पदाधिकारीहरूलाई सहभागी गराइ देशका विभिन्न ठुला/साना आयोजनाहरूबाट निर्माण तथा सञ्चालन भएका सिंचाइ प्रणाली तथा कृषि एवं बागवानी क्षेत्रहरूको ७ दिने फिल्ड अध्ययन तथा अवलोकन भ्रमण कार्यक्रम चालु आ.व. को बैसाख २ देखि ८ गते

सम्म सञ्चालन गरि सम्पन्न गरिएको थियो ।

सिंचाइ तर्फ बाली अनुसार पानी वितरण प्रणालीको जानकारी लिने, लिफ्ट एवं पम्प सिंचाइलाई अनुसरण गर्ने, परम्परागत कृषि पेसा बाट आधुनिक कृषि पद्धति तर्फ उन्मुख हुने, नहर तथा कुलाहरूको दिगो व्यवस्थापन तथा दीर्घकालीन प्रयोजनबारे जानकार हुने, कृषक उपभोक्ता र आयोजना बिचको अन्योन्याश्रित सम्बन्धलाई परिणाममुखी बनाउन प्रेरित गर्ने, माटोको पोषण तत्व बनाइराख्न बाली लगाउने विधि र पद्धतिबारे सु-सुचित हुने र फलफुल खेति तथा नर्सरी पनि कृषि आम्दानीका लागि राम्रो सम्भावना हुनसक्छन् भन्ने ज्ञान हाँसिल गर्ने गराउने जस्ता उद्देश्यहरू राखी आयोजना गरिएको उक्त भ्रमण कार्यक्रमबाट सहभागिहरूमा सकारात्मक र फलदायी उत्प्रेरणा एवं सिकाइ प्राप्त भएको छ ।

आगामी वर्षहरूमा यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिइएमा कृषक उपभोक्ताहरूलाई हरियो सुन फलाउन थप प्रेरणाका स्रोत प्राप्त हुनेमा विश्वास लिइएको छ ।

(८.१) भ्रमणमा अध्ययन अवलोकन गरिएका महत्वपुर्ण स्थानहरु:

क्र.सं.	भ्रमण गरिएका स्थानहरु	जिल्ला
१.	नारायणी लिफ्ट खगेरी सिंचाइ आयोजना	चितवन
२.	कृषि अनुसन्धान केन्द्र परावानीपुर	बारा
३.	बागमती सिंचाइ आयोजना कर्मैया	सर्लाही
४.	कोशी ब्यारेज	सप्तरी -सुनसरी
५.	सुनसरी मोरङ सिंचाइ आयोजना	सुनसरी -मोरङ
६.	भेडेटार	धनकुटा
७.	महारानी झोडा नमुना एकिकृत सहकारी खेती	झापा
८.	कन्काइ नहर जल उपभोक्ता संस्था	झापा
९.	कन्काई सिंचाइ प्रणाली Head Box	झापा
१०.	फिक्कल/पशुपतिनगर/कन्याम	इलाम
११.	सिंचाइ विकास डिभिजन भद्रपुर	झापा
१२.	कमला सिंचाइ व्यवस्थापन	धनुषा
१३.	जानकी मन्दिर	धनुषा
१४.	जलेश्वर	महोत्तरी
१५.	उष्ण प्रदेशिय बागवानी केन्द्र, नवलपुर	सर्लाही

"देखेर त सिकाइ मात्र हुन्छ, काम गरेर पो सफल भइन्छ" भन्ने भनाइलाई सार्थक तुल्याउन भ्रमण दलमा सहभागी सबै सदस्यहरूले आत्मसाथ गरि अगाडि बढेमा यस्ता भ्रमण कार्यक्रमहरूले सर्थकता पाउने कुरामा दुईमत रहदैंन ।

९) प्रयोगशाला तथा निर्माण गुणस्तर परीक्षणः

यस आयोजना अन्तर्गत हुने निर्माण कार्यमा गुणस्तर कायम गर्न विगत देखिनै प्रयोगशाला स्थापना गरि संचालनमा रहेको छ ।

यस आ.व. मा यस प्रयोगशालालाई उचित स्थान तयार गरि थप व्यवस्थित गर्ने काम भएको छ । गत वर्षबाट गेबियनको तारको परीक्षण तथा कम्प्याक्सन टेष्टको लागि फिल्ड डेन्सिटि टेष्ट गर्ने व्यवस्था गरिएको थियो ।

यस प्रयोगशालाको स्थापनाले यस क्षेत्रमा रहेका निर्माण सम्बन्धि कार्य गर्ने अन्य निकाय, स्थानीय तह लगायत जनताको तटबन्ध दाङ आदिलाई यहाँ उपलब्ध हुने गुणस्तर परीक्षण सम्बन्धी सेवा लिन सहज भएको छ ।

यस प्रयोगशाला मार्फत चालु आ.व. मा गरिएका परीक्षण सम्बन्धी विवरणहरू देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

(९.१) गुणस्तर परीक्षण विवरण

क्र.सं.	परीक्षणको प्रकार	परीक्षण परिमाण, सेट	प्राप्त राजश्व रकम रु.	कैफियत
१.	कंक्रिट क्यूब परीक्षण	९६	४५,८५३/-	यस आयोजनाबाट सञ्चालित निर्माण कार्यमा प्रयोग भएका र अन्य कार्यालय तथा निकायहरुबाट गुणस्तर परीक्षण सम्बन्धि उपलब्ध सेवा लिन आएका समेत
२.	गेबियन तार परीक्षण	६०		

१०) वेब साइट सञ्चालन:



सार्वजनिक निकायहरूबाट प्रदान गरिने सेवा तथा सञ्चालन हुने कार्यक्रमहरूको पारदर्शिता र जवाफदेहिता कायम गर्नुपर्ने अहम् जिम्मेवारीलाई यस आयोजनाले केन्द्र विन्दुमा राखी काम गर्दै आउने क्रममा गत आ.व. ०७६/७७ मा आफ्नै वेबसाईट https://pbip.dwri.gov.np/ निर्माण गरि प्रकाशन गरेको थियो ।

यस आ.व. मा उक्त निर्माण भएको website crash हुन गएकोले सोको मर्मत गरि सुधारका साथ सञ्चालन गरिएको छ । कृषक उपभोक्ता र सरोकारवाला सबै पक्षहरूलाई आयोजनाका गतिविधिहरू सम्बन्धि सूचना प्राप्तिमा सहज होस भन्ने उद्देश्यले निर्माण गरिएको यस वेबसाईटमा चालु आ.व. मा सम्पन्न गतिविधहरू समेत समयानुकुल अद्यावधिक गरिदैं आएको छ । वेबसाइटको माध्यमद्वारा आयोजनाको परिचय सगैं कार्यरत सम्पुर्ण कर्मचारीहरू र आयोजनासँग सम्बन्धित जल उपभोक्ता संस्थाहरूका पदाधिकारीहरू समेतको सम्पर्क नं., आयोजनाबाट चालु आ.व. मा आह्वान गरिएका ठेक्काहरूको बोलपत्र सम्बन्धि सूचना एवं सञ्चालित कार्यक्रमहरूको नक्सा तथा तस्विर भिडियो समेत सिलसिलेवार प्रकाशन गरिदैं आएको छ ।

आम उपभोक्ताहरूको सहज पहुँचको लागि यस वेबसाईटलाई नेपाली भाषामा पनि प्रयोग गर्न मिल्ने गरि तयार गरिएको छ । त्यसैगरि निर्माण व्यवसायीहरूले पनि आफ्नो आवश्यकता बमोजिम सूचना तथा जानकारीहरू यस वेबसाईटबाट प्राप्त गर्न सक्दछन् ।

तालुक निकायहरू विभाग मन्त्रालय लगायत अन्य सरोकार राख्ने निकायहरूले यस वेबसाईटबाट आयोजनाको दरबन्दी तथा कर्मचारी विवरण लगाएत अन्य सामान्य विवरणहरूको लागि फाइलको पोको खोल्न वा पत्राचार गरेर पत्रको जवाफ कुरेर बसिरहनुपर्ने छैन । आयोजनाद्वारा सम्पन्न वा चालु



Badkapath Irrigation Project	
Name of project	Badkapath Irrigation Project
Name of work	[illegible] along Badkapath Main Canal
Contract identification number	[illegible]
Name and address of contractor	[illegible]
Date of agreement	[illegible]
Amount of Agreement (Inc VAT/VO)	[illegible]
Date of completion as per agreement	[illegible]
Number of time extension	
Total duration of time extension(months)	
Date of completion (revised)	
Current status	Ongoing
Updated Progress	0

ठेक्काहरू, निर्माण व्यवसायी, सम्झौता मिति, रकम, प्रगति, आयोजनाको समग्र मासिक/चौमासिक/वार्षिक प्रगति र खर्च विवरण आदि समेत सहजै प्राप्त गर्न सकिन्छ । यसरी उपभोक्ता, सेवाग्राहि तथा तालुक निकायसँगको सम्पर्क र सम्बन्धलाई सहज, प्रगाढ र परिणाममुखी बनाउन यस वेबसाईटले सेतुको काम गर्दै आएको छ ।

११) जिन्सी सामग्री लिलामः

स्थापनाकाल देखि हालसम्म यस आयोजना कार्यालयमा रहेका विभिन्न जिन्सी समग्रीहरू मध्ये समस्या आएर चालु हालतमा नरहेका, टुटफुट भइ बेकम्मा भएका, मर्मत सम्भार गरि पुनः प्रयोग गर्न समेत नसकिने अवस्थामा रहेका सामग्रीहरूको लिलाम कार्य सम्पन्न गर्ने काम भएको छ । चालु हालतमा नरहेका ५ थान मोटरसाइकलहरू समेत लिलाम गरिएको छ । आयोजनाको आ.व. २०७६/७७ मा प्रस्तुत जिन्सी निरीक्षण प्रतिवेदनका आधारमा त्यस्ता बेकम्मा सामग्रीहरूको लिलाम गरि आयोजनाको जिन्सीलाई सु-व्यवस्थित तुल्याउने हेतु लिलाम प्रक्रियामा लैजाने सहमतिका लागि विभागमा पत्राचार गरिएकोमा विभागको प्र.२०७७/०७८, च.नं. २८६ मिति २०७७/०६/२५ को पत्रबाट नियमानुसार गर्नु गराउनु भनि निर्णय भइ आएको थियो । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५८ (१) मा सरकारी कार्यालयको जिन्सी सामग्री लिलाम बिक्री सम्बन्धी व्यवस्था भएको विद्यमान कानुनी प्रावधान भित्र रहि यस आयोजनाले लिलाम गर्नुपर्ने सामग्रीहरूको नियमावलीमा तोकिए बमोजिमकै निकायका सम्बन्धित पदाधिकारीहरूबाट मुल्याङ्कन गराउने काम गरेको थियो ।

जिन्सी किताबमा उल्लेख भए बमोजिम परल मुल्य खुलेका ९१ प्रकार र मुल्य नखुलेका ४ प्रकारका गरि जम्मा ९६ प्रकारका ४१४ थान बेकम्मा जिन्सी सामग्रीहरूको लिलाम प्रक्रियाबाट जम्मा रू. ६६,८४४/- राजश्व रकम आम्दानी भएको थियो ।

१२) प्रगन्ना कुलो सिंचाइ प्रणालीको प्रगति अवस्थाः

राप्ती नदीको दायाँ तर्फबाट तीनओटा इन्टेक मार्फत ५८०० हे. क्षेत्रफलमा फैलिएको उर्वर कृषियोग्य भूमिमा प्रगन्ना कुलो सिंचाइ प्रणालीले सिंचाइ सेवा उपलब्ध गराउँदै आइरहेको छ । नहरहरूको व्यवस्थित सञ्चालन, आवश्यक मर्मत सम्भार तथा सुधार, र विस्तारसँगै कमाण्ड क्षेत्रको बचावट जस्ता प्रमुख कार्यहरू यस प्रणालीसँग सम्बन्धित रहेका छन् । यस प्रणालीको चुनौतिको रूपमा रहेको राप्ती नदीको वर्षातको वहावका कारण कमाण्ड क्षेत्रमा पुग्नसक्ने क्षेतिबाट सुरक्षित गर्ने कार्यलाई निरन्तर अध्ययन, अनुगमन गरि कार्यान्वयनमा ल्याउने कार्य गरिदैं आएको छ ।

हालसम्म इन्टेक देखि बगरापुर (करिब १२+६०० चे.) सम्म तटबन्ध निर्माणको कार्य सम्पन्न भएको छ । यद्यपि यो प्रयाप्त नभएका कारण अझै करिब १० कि.मि. लम्बाइमा Embankment निर्माण कार्य गरि बलरामपुर सम्मको कमाण्ड क्षेत्रलाई सुरक्षित बनाउदैं लैजानुपर्ने अवस्था देखिएको छ । सो बाँकि कार्यको गुरूयोजना तयार भइ आयोजना मार्फत विभागमा यस अगावै पेश गरिएता पनि कार्यान्वयन तर्फ लैजान पुर्णता नपाई सकेको अवस्था विद्यमान छ ।

यस आ.व. मा प्रगन्ना कुलो सिंचाइ प्रणाली तर्फ शाखा नहरमा लाइनिङ तथा भानपुर र रनियापुर

बचावट कार्यको लागि ५ ओटा ठेक्काहरूको सम्झौता भइ ३ ओटा ठेक्का अन्तर्गत शाखा नहरमा लाइनिङ गर्ने कार्य सम्पन्न भएको छ भने २ ओटा ठेक्का अन्तर्गत भानपुर र रनियापुर गाउँ बचावट निर्माण कार्यको अधिकांश कार्य सम्पन्न भएको छ । यस आ.व. मा प्रगन्ना कुलो मर्मत तथा बचावट कार्यको लागि कूल रू. ६,०२,८८,००० खर्च भएको छ ।

१३) बड्कापथ सिंचाइ योजनाको भौतिक प्रगतिः

यस योजनाको मूल नहर तथा संरचना निर्माण कार्य चे. ०+००० देखि चे. ७+३०० सम्म ठेक्कापट्टा भएकोमा हालसम्म ७.३ कि.मि. नहर, साना ठुला गरि ३७ ओटा संरचना निर्माण तथा ५३०० मि. लम्बाइमा नहर लाइनिङ कार्य सम्पन्न भएको छ ।

आयोजनाको हालसम्मको भौतिक प्रगति करिब ३७ प्रतिशत भइसकेको छ ।

यस आ.व. मा बड्कापथ मूल नहरमा VRB १ ओटा, सुपरप्यासेजमा wing wall निर्माण कार्य भएको छ भने चे. ६+९०० देखि चे. ७+३०० सम्मको नहर बचावट तथा मलमला क्षेत्रमा करिब २०० मि. नहर खन्ने काम भएको छ । चे. २९५ मा रहेको सेटलिङ वेसिन तथा बनघुस्री क्षेत्रको करिब २ कि.मि. तटबन्ध निर्माण कार्य सम्पन्न भएको छ । चालु आ.व. मा विगतका वर्षहरू देखिनै सञ्चालित ३ ओटा ठेक्का सम्पन्न भएका छन् । यसै आर्थिक वर्षको कार्यक्रममा तोकिएको वार्षिक लक्ष्यको तुलनामा भौतिक प्रगति ९८.६५ प्रतिशत भएको तथ्याङ्क रहेको छ ।

१४) EIA सम्बन्धमाः

सार्वजनिक सुनुवाई

यस आयोजनाको २०६७ चैत्र १४ मा स्वीकृत भएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (EIA) अनुसार विभिन्न राष्ट्रिय तथा सामुदायिक वन क्षेत्रबाट नहर रेखाङ्कन पर्ने भएकोमा हाल सम्म नहरको इन्टेक देखि ७.३०० कि.मी. सम्ममा ३८१ वटा रूखहरू कटान समेत भएका छन् ।

स्वीकृत EIA कार्य योजना अनुसार १:२५ वृक्षारोपण गरी ५ बर्ष सम्म रेखदेख र संरक्षण गर्ने कार्य अर्धाखाँचीको सव डिभिजन वन कार्यालय तथा दाङ जिल्लाको कालाकाँटे सव डिभिजन वन कार्यालय मार्फत सम्वन्धित सामुदायिक वनमा व्यवस्था गरिएको छ ।

विगतमा नहर निर्माणको कार्य प्रगतीको आधारमा नहरको रेखांकन गर्दै गएको र EIA गरेको लामो समय भएकोले सो समयमा Pole size रहेका विरूवा समेत रूख बनि सकेकोले कटान गर्नु पर्ने रूख संख्या १७८० बाट ३८८१ पुगेको तथा विगतमा नहरको पानी बग्ने क्षेत्रमात्रलाई (Side slope, both side embankment, service road बाहेक) नहर क्षेत्रको रूपमा उल्लेख गरिएकोले नहरलाई आवश्यक पर्ने भोगाधिकार माग गर्नु पर्ने वन क्षेत्र पनि ५८.६९ हेक्टर हुनु पर्नेमा साविकमा २७.७ हेक्टर मात्र स्वीकृत भएकोले परिमार्जित वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (SEIA) स्वीकृत गरी बाँकी रहेको नहर क्षेत्र एकमुष्ट रूपमा रेखांकन गरी नहर निर्माण कार्य अघि बढाउन उचित देखिएकोले SEIA कार्यका निम्ति प्रक्रिया शुरू गरी सार्वजनिक सुनुवाइ समेत पुरा भै प्रारम्भिक प्रतिवेदन तयारीको चरणमा रहेको छ ।

आ.व. २०७८/७९ को मंसिर सम्ममा SEIA स्वीकृती कार्य पुरा गरी रेखांकन कार्य अघि बढाउने लक्ष्य रहेकोछ ।

१५) हालसम्मको उपलब्धि:

बड्कापथ सिंचाइ योजनाको निर्मित मूलनहर मध्ये अधिकांश भाग राप्ती नदीको बगर किनार हुँदै आएको तथा नहरको बेड लेभल जमिनभन्दा होचो भएकोले लिफ्ट नगरी सिंचाइ सहज हुने अवस्था छैन । तथापी सापमारा क्षेत्रका केहि किसानहरूले मूल नहरको पानीलाई पम्प गरि सिंचाइ सुविधा लिदैं आएका छन् । उक्त क्षेत्रको करिब १० हे. क्षेत्रफलमा कृषकहरूले आवश्यक परेको समयमा मूल नहरबाट पानी लिफ्ट गर्दै सिंचाइ उपभोग गर्दै आएका छन् ।

बड्कापथ मूल नहरको करिब ६.८ कि.मि. सम्म पानि सञ्चालन गर्न सकिने अवस्था छ । यस आ.व. मा सेटलिङ्ग बेसिनको सम्पुर्ण निर्माण कार्य तथा प्याकेज ४

अन्तर्गत मूल नहरको चे. ७+३०० सम्मको नहर निर्माण कार्य सम्पन्न भइसकेकोले पानी सञ्चालन गर्न सकिने अवस्था छ । यसै आ.व. मा बनघुस्री तटबन्धको निर्माण कार्य सम्पन्न भइ हाल सम्म करिब ३९ हे. जमिन संरक्षण हुन पुगेको छ जसमध्ये १३ हे. जमिनमा गढवा गा.पा.ले खेतिका लागि जमिनको तयारी समेत गरिसकेको छ ।

१६) आयोजनाको हालसम्मको खर्च तथा बेरूजु स्थिति:

यस आयोजनाको आ.व. ०७७/७८ मा परिमार्जित गुरूयोजना बमोजिम योजनाको लागत ३,७६,७४,५६,००० रहेको छ । जस मध्ये गत आ.व. सम्म यस योजनामा रू. १,०७,९४,०२,०००/- खर्च भइसकेको छ भने यस आ.व. मा रू. २८,६९,८५,६६९/-(बड्कापथ सि.यो. तर्फ) खर्च हुन गइ हालसम्मको कुल खर्च रू. १,३६,६३,८८,०००/- (बड्कापथ सि.यो. तर्फ) हुन गएको तथ्याङ्क रहेको छ ।

अनुमानित कुल लागतको तुलनामा यो अंक ३६.३ प्रतिशत हुन आउँछ । यस आर्थिक वर्षको कार्यक्रममा तोकिएको वार्षिक लक्ष्यको तुलनामा आर्थिक प्रगति ९४.७५ प्रतिशत भएको छ ।

(१६.१) बेरुजुको अवस्था

क्र. सं.	बेरुजुको प्रकार	०७६ असार सम्मको बाँकी बेरुजु	यस आ.व. ०७७/७८ मा फछ्र्यौट भएको बेरुजु	फछ्र्यौट गर्न बाँकी बेरुजु	कैफियत
१.	नियमित गर्नुपर्ने	१,६४,३८,०५२	३१,०९,०२४/०१	१,३३,२९,०२७/९९	
२.	असुल गर्नुपर्ने	८,८७,४६५	००	८,८७,४६५	
३.	मोविलाइजेसन पेस्की	५,९१,०००	५,९१,०००	००	
	जम्मा	१,७९,१६,५१७	३७,००,०२४/०१	१,४२,१६,४९२/९९	२१ प्रतिशत बेरुजु फछ्र्यौट भएको छ।

१७) अनुगमन/मुल्याङ्कन:

यस आयोजना अन्तर्गत भए गरेका विभिन्न क्रियाकलापहरूको सम्बन्धित तालुक निकायहरूबाट समय समयमा अनुगमन तथा मुल्याङ्कन हुँदै आएको छ । निरन्तर हुने यस प्रकारका अनुगमनबाट आयोजनाले आफ्नो सबल पक्षलाई सुदृढ एवं अनुसरण गर्न र कमिकमजोरीहरूलाई सुधार गर्दै लैजान सान्दर्भिक पृष्ठपोषण प्राप्त गरेको महशुस भएको छ ।

१८) आयोजनाले भोगेका समस्या र समाधानका प्रयासहरू:

(क) न्युन स्रोत बिनियोजन:

आयोजनाको आवश्यकता र अपेक्षा अनुरूप प्रयाप्त आर्थिक श्रोत विनियोजन हुन सकिरहेको छैन । आयोजनाको निर्माण कार्यलाई यथाशिघ्र सम्पन्न गरि सिंचाइ सेवाबाट समयमै लक्षित वर्गमा टेवा पुर्याउने लक्ष्यमा श्रोत अभावका कारण कठिनाइ भइरहेको छ। बहुवर्षिय ठेक्का लगाउन विनियोजित बजेट एक तिहाइ भएको हुनुपर्ने प्रावधानले ठुला ठेक्का आह्वान गरि द्रुत गतिमा आयोजना सम्पन्न गर्ने लक्षमा अंकुश लागेको कुरा जगजाहेर नै छ । बहुवर्षिय लागत अनुमान स्वीकृत गर्न अर्थ मन्त्रालयको स्वीकृति आवश्यक पर्ने कानुनी प्रावधानले प्रक्रियात्मक पद्धतीलाई अबलम्बन गर्नुपर्ने बाध्यता रहि आएको छ। श्रोतको व्यवस्थापन पछिल्ला वर्षहरूमा तुलनात्मक रूपमा बढदै गएकोले आगामी वर्षहरूमा सुधार भई जाने अपेक्षा छ ।

(ख) अन्य समस्याहरु:

यस आयोजनाले राज्यका अन्य सार्वजनिक पूर्वाधार निर्माणका आयोजनाहरूले भोगेका साझा समस्याहरूसँगै आफ्नो गतिविधि सञ्चालन गर्दाका थप समस्या तथा चुनौतीहरू समेत भोग्दै आइरहेको छ । उदाहरणको लागि प्रयाप्त निर्माण सामग्रीहरूको अभाव, जग्गा सम्बन्धि स्थानीय स्तरमा उठ्ने सवाल तथा समस्याहरू, रूख कटानको लागि लामो र झन्झटपुर्ण प्रकिया, उपभोक्ताहरूको न्युन सक्रियता, कार्यालयमा उपलब्ध हुनुपर्ने सवारी साधनहरूको सीमितता आदि रहेका छन् ।

यसका साथै निर्माण व्यवसायीहरूबाट समयसीमा भित्र निर्माण कार्य सम्पन्न गर्न तदारूकता नदेखिनु, खरिद सम्झौता बमोजिम तोकिएको जिम्मेवारीलाई गम्भिर रूपमा चासो नगर्नु, मनसुन सक्रियताको प्रभाव समय अगावै हुन गइ बाढी तथा खोलाहरूको वहाव र कटानले निर्माण कार्यमा बाधा पुर्याउनु रहेका छन् । स्थानीय स्तरमा समस्या समाधान गर्नका लागि सम्बन्धित सरोकारवाला पक्षहरूसँग छलफल र संवाद जस्ता पहलकदमीहरू अपनाउँदै अगाडी बढ्ने कार्य हुँदै आएको छ ।

“उत्पादनको आधार, सिंचाइ पूर्वाधार”

“सिंचित कृषि क्षेत्रको अभिवृद्धि, संघीय नेपालको समृद्धि”

नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, जलस्रोत तथा सिंचाइ विभाग, प्रगन्ना तथा बड्कापथ सिंचाइ आयोजना, दाङ
फोनः ०८२-५४००५५, ईमेलः pbip1234@gmail.com, वेबसाईटः https://pbip.dwri.gov.np